नेपाली

Vol.30 2023.01

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation




बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने तयारी

## वसन्तको लागि तयारी गर्न सुरु गर्नुहोस्।

### 【प्राथमिक विद्यालयमा भर्ना गर्नु अघिको अभिमुखीकरण】

तपाईंलाई जापानको प्राथमिक विद्यालयका कुराहरू थाहा छ? GOCA ले विदेशी नागरिक (राष्ट्र) सँग सम्बन्ध भएका अभिभावकहरूको लागि "प्राथमिक विद्यालयमा भर्ना गर्नु अघिको अभिमुखीकरण" को आयोजना गर्नेछ। विस्तृत जानकारीको लागि HP गई निश्चय गर्नुहोस्।

उक्त दिन प्राथमिक विद्यालयमा आवश्यक अध्ययन सामग्री, कार्यक्रम आदिबारे जानकारी प्रदान गरी अनुभवी अभिभावकहरूले आफ्नो अनुभव सुनाउने र आदानप्रदानको कार्यक्रमको पनि योजना गरिएको छ।

दायरामा पर्ने व्यक्तिहरू: 6 वर्ष पूरा भएका बच्चाहरू अथवा 4 वर्षदेखि 5 वर्षका उमेरका बालबालिका भएका विदेशी राष्ट्रसँग सम्बन्ध भएका अभिभावकहरू
*दोभासे सेवा उपलब्ध छ। (अंग्रेजी भाषा, चिनियाँ भाषा आदि)
*शिशु स्याहार सेवा उपलब्ध छ (अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ)। पहिले नाम लेखाउने 5 जना जति (18 महिना~प्राथमिक विद्यालयमा भर्ना हुने बालबालिका)








2023 साल जनवरी 28 तारिख (शनि)
समय: 1:00 pm~3:00 pm

निशुल्क

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)
ओता सहर कामाता 4-16-8 2F

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981 FAX 03-6410-7982
E-mail mail@ota-goca.or.jp


©Ota City

···· कहिले ···· रकम ···· कति जना ···· आवेदन दिने तरिका ···· कहाँ ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

बालबालिकाहरूको विद्यालय तयारी

# 【विदेशी अभिभावकहरूको लागि जापानी भाषा कोर्स "विद्यालयको प्रिन्ट (सूचनापत्र) पढौं"】



©Ota City

के तपाईंलाई विद्यालयबाट पठाइएको प्रिन्ट (सूचनापत्र) पढ्न नसकेर समस्या परिरहेको छ? प्रिन्ट (सूचनापत्र) पढ्ने तरिका, महत्त्वपूर्ण ठाउँ भेटाउने तरिका र प्रिन्ट (सूचनापत्र) मा धेरै प्रयोग गरिने शब्दहरू सिकाइन्छ। दायरामा पर्ने व्यक्तिहरू: प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा अध्ययन गर्ने बच्चा भएका विदेशी अभिभावकहरू

आर्थिक वर्ष 2023 सालमा प्राथमिक विद्यालयमा भर्ना हुने योजना भएका बालबालिकाहरू भएका विदेशी अभिभावकहरू हिरागाना र काताकाना पढ्न सक्ने व्यक्तिहरू।

कक्षा कोठा अथवा अनलाइन (Zoom) मध्ये कुनै एउटा चयन गरी क्लास लिन सकिन्छ!



2023 साल फेब्रुअरी 15 तारिख, 22 तारिख, मार्च 1 तारिख, 8 तारिख, 15 तारिख (बुधबार)
6:00 pm~8:00 pm

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)
ओता सहर कामाता 4-16-8 2F

निशुल्क　पहिले नाम लेखाउने 15 जना

**शिशु स्याहार सेवा**

शिशु स्याहार सेवा उपलब्ध छ। पहिले नाम लेखाउने 3 जना। 1 वर्ष~प्राथमिक विद्यालयमा भर्ना हुनु अघिका बच्चाहरू दायरामा पर्दछन्।
अग्रिम रूपमा आवेदन दिनुपर्नेछ।

आवेदन फाराम:
https://forms.gle/cHJNMZ4SLddybp3N6
अथवा सम्पर्क स्थानमा इमेल, TEL, FAX अनिवार्य रूपमा जनवरी 31 तारिख (मंगल) सम्ममा आइपुग्नुपर्नेछ।

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981
FAX 03-6410-7982
E-mail　mail@ota-goca.or.jp

रोजगारीको तयारी

# 【"नर्सिङ केयरको जापानी भाषा" कोर्स】



नर्सिङ केयरको कामबारे जान्न चाहने व्यक्ति र नर्सिङ केयरको काम सुरु गरेको व्यक्तिले ढुक्क भएर काम गर्न सक्ने गरी "नर्सिङ केयरको जापानी भाषा" को कोर्स सञ्चालन गरिनेछ। नर्सिङ केयरको काममा प्रयोग गरिने जापानी भाषा, कम्यूनिकेसन (सीप) आदि अध्ययन गर्न सकिनेछ। पहिलो पटक अध्ययन गर्ने व्यक्ति र नर्सिङ केयरको कामबारे त्यति धेरै कुराहरू थाहा नभएका व्यक्तिहरू पनि सहभागी हुन सक्नेछन्। तपाईं पनि सँगै अध्ययन गरेर हेर्न चाहनुहुन्छ? विस्तृत जानकारीको लागि HP हेर्नुहोस्।

2023 साल जनवरी 29 तारिख (आइत)~मार्च 19 तारिख (आइत)
हरेक हप्ता आइतबार 1:30 pm~4:30 pm *योजना

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)
ओता सहर कामाता 4-16-8 2F

निशुल्क

20 जना
*ओता सहरमा बसोबास, काम र अध्ययन गरिरहेका व्यक्तिहरू
*16 वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिहरू
*सजिला शब्दहरू प्रयोग गरी जापानी भाषामा कुराकानी गर्न सक्ने व्यक्तिहरू, हिरागाना, काताकाना र सजिला कान्जीहरू प्रयोग गरी लेखिएका वाक्यहरू पढ्न सक्ने व्यक्तिहरू

आवेदन फाराम:
अथवा सम्पर्क स्थानमा इमेल, TEL, FAX अनिवार्य रूपमा जनवरी 31 तारिख (मंगल) सम्ममा आइपुग्नुपर्नेछ।

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981　FAX 03-6410-7982　E-mail　mail@ota-goca.or.jp

ओता सहरको प्रशासनिक जानकारी

# [निवासी कर भुक्तानीबारे]

चरण 4 को विशेष सहर निवासी कर तथा जिल्ला निवासी कर (निवासी कर) को भुक्तानी म्याद जनवरी 31 तारिख हो। नबिर्सीकन भुक्तानी गर्नुहुन अनुरोध गर्दछौं। कर भुक्तानी सम्बन्धी परामर्शको लागि ओता सहरको होमपेजमा हेर्नुहोस्।

कर भुक्तानी शाखा
☎ 03-5744-1205
FAX 03-5744-1517

# [तेह्रौं गुरुत्तो 5 टोल समिति! मिनेमाची कुइज र्याली]

यो मिनेमाची इलाकाको 5 टोल समितिको प्रत्येक स्पोट हिँडेर वा साइकलमा परिक्रमा गरी, ती स्पोटहरूमा राखिएका कुइज र किवर्ड प्रश्नहरूको जवाफ दिँदै जाने कुइज र्याली हो। सबै कुइज प्रश्नहरूको जवाफ दिएका व्यक्तिहरूलाई मिनेमाची विशेष उपशाखा कार्यालयमा पुरस्कार प्रदान गरिनेछ। कुइजको जवाफ दिँदा प्रयोग गर्ने पर्चा (लिफलेट) उपशाखा कार्यालय र टोल समिति, उपशाखा कार्यालयको HP आदिमा वितरण भइरहेको छ। नछुटाईकन भाग लिनुहोस्!




2023 साल फेब्रुअरी 13 तारिख (सोम)~19 तारिख (आइत)

मिनेमाची इलाकाको 5 टोल समितिको प्रत्येक स्पोट तथा मिनेमाची विशेष उपशाखा कार्यालय (ओता सहर देन-एन च्योफु होनच्यो 7-1)

निशुल्क

अग्रिम रूपमा आवेदन दिनु पर्दैन।

मिनेमाची विशेष उपशाखा कार्यालय
☎ 03-3722-3111 FAX 03-3721-1493
E-mail minemati@city.ota.tokyo.jp

## ओता सहर कुइज (ओता सहरको बारेमा अझै थाहा पाऔं!)

सही जवाफको लागि यहाँ ▶

**Q1** ओता सहरको फूलको नाम के हो?

❶ हाइड्रेन्जिया (आजिसाइ)
❷ आलुबखडाको फूल (उमे)
❸ पैयूँको फूल (साकुरा)

**Q2** तल मध्येको एक ओता सहरको चरामा आधारित चरित्र (क्यारेक्टर) हो। कुन होला त?

❶ ओ-च्यान



❷ हाने-प्योन



©Ota City

❸ काओन-च्यान



···· कहिले ···· रकम ···· कति जना ···· आवेदन दिने तरिका ···· कहाँ ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

## 【"सजिलो जापानी भाषाको तादोकु" वर्कसप】

यो विदेशी नागरिकहरूलाई "सजिलो जापानी भाषा" मा लेखिएका किताबहरू प्रयोग गरी जापानी भाषाको किताब पढ्न लगाइने वर्कसप हो र यो वर्कसपमा प्रयोग गरिने किताबहरू जापानी नागरिकहरूले बोल्ने जापानी भाषा र जापानी भाषामा लेखिएको उपन्यास जस्ता किताबहरू भन्दा फरक हुन्छन्। किताबको स्तर पनि प्राथमिक स्तरदेखि उच्च स्तरसम्म विभाजन गरिएको छ र तपाईंले आफ्नो स्तरसँग मिल्ने किताब सरासर पढ्न सक्नुहुन्छ। पुस्तकको सामग्री पनि जापानी लोककथादेखि साहित्यसम्म व्यापक छ र जापानको चलन, संस्कृति आदि पनि एकैसाथ रमाइलोसँग जान्न सकिन्छ।



2023 साल मार्च 12 तारिख (आइत) 2:00 pm~4:00 pm

निशुल्क　15 जना (अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ)
जापानी भाषामा रुचि भएको व्यक्ति भए जो पनि


①नाम　②मातृभूमि　③सम्पर्क स्थान पुस्तकालयमा आई अथवा FAX वा फोन मार्फत

ओमोरी मिनामी पुस्तकालय
☎ 03-3744-8411　FAX 03-3744-8421

ओमोरी मिनामी पुस्तकालय (ओता सहर ओमोरी मिनामी 1-17-7)

■ जाने तरिका

केइक्यु बस "माए-नो-उरा" बस स्टपमा ओर्लिएपछि तुरुन्तै आउँछ (मोरिगासाकी जाने)




## 【अंग्रेजी चित्र किताब कथा कथन कार्यक्रम】

कथा कथन स्वयं सेवक समूह "लुपिन्स् (Lupines)" द्वारा अंग्रेजीमा चित्र किताब पढेर सुनाउने, तेआसोबी (हातले विभिन्न इसारा गरेर खेल्ने), गीत गाउने आदि पनि गरिन्छ। हामी चित्र किताबको माध्यमबाट बालबालिकालाई अंग्रेजी भाषासँग परिचित गराई, शान्त र समृद्ध तरिकामा बालबालिका हुर्कने वातावरण प्रदान गर्दछौं।

दुईले भाग गर्न सकिने महिना (फेब्रुअरी, अप्रिल, जुन, अगस्ट, अक्टोबर र डिसेम्बर) को चौथो शनिबार 11:00 am~


निशुल्क　5 समूह (हरेक पटक)　अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ (फोनद्वारा अथवा पुस्तकालय आई नाम लेखाउनुहोस्)

इकेगामी पुस्तकालय
☎ 03-3752-3341　FAX 03-3752-9749

इकेगामी पुस्तकालय
ओता सहर इकेगामी 6-3-10 एतोमो इकेगामी 4F

■ जाने तरिका

तोक्यु इकेगामी लाइन इकेगामी स्टेसनसँग जोडिएको व्यापारिक भवन "एतोमो इकेगामी" 4F




प्रकाशन　ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-0052 ओता सहर कामाता 4-16-8 2F ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)　☎ 03-5744-1227　FAX 03-5744-1323
हामीले यो जानकारीपत्र वर्षमा 8 पटक 6 भाषाहरू (सजिलो जापानी, अंग्रेजी, चिनियाँ, नेपाली, टगालोग र भियतनामिज) मा प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता सहरका सुविधाहरू र JR खामाता, ओमोरी, केइक्यु खामाता जस्ता सहर भित्रका प्रमुख स्टेसनहरूमा वितरण गरिन्छ।